चलानी नं.: /०७७/०७८

मिति: २०७८/०१/०८

# प्रेस विज्ञप्ती

**आदरणीय पत्रकार मित्रहरू,**

मुलुकभरका १५ हजार भन्दा बढी निर्माण व्यवसायीहरूको एक मात्र छाता संगठन यस नेपाल निर्माण व्यवसायी महासंघको मिति २०७७-१२-२९ र ३० गते राजधानीमा सम्पन्न २२ औं साधारण सभाका निर्णयहरू सार्वजनिक गर्न आयोजना गरिएको यस पत्रकार सम्मेलनमा उपस्थित हुनु भएका यहाँहरू सबैलाई हार्दिक स्वागत गर्न चाहन्छौं । कोभिड-१९ को बढ्दो संक्रमणबीच नेपाल सरकारले तोकेको मापदण्डको पालना गर्दै आयोजना गरिएको यस पत्रकार सम्मेलनमा यहाँहरूको उपस्थितिप्रति हामी आभार व्यक्त गर्दछौं ।

माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री बसन्तकुमार नेम्बाङ ज्यूको प्रमुख आतिथ्यतमा सम्पन्न महासंघको उद्घाटन सत्रमा सहरी विकास राज्यमन्त्री रामवीर मानन्धरज्यू, पूर्व भौतिक पूर्वाधार तथा यातायात मन्त्री तथा नेपाली कांग्रेसका नेता वीरबहादुर बलायरज्यू, महासंघका मानार्थ सदस्य समेत रहनु भएका संघीय सांसदहरू मा. जीपछिरिङ लामा शेर्पा, ज्यू मा. बहादुर सिंह लामाज्यू, मा. हरिनारायणप्रसाद रौनियारज्यू, प्रदेश नम्बर एकका सांसद मा. बुद्धिकुमार राजभण्डारीज्यू,, प्रधानमन्त्रीका पूर्वाधार व्यवस्थापन विज्ञ ई. गजेन्द्र थपलिया, प्रधानमन्त्रीका कानून विज्ञ अधिवक्ता बाबुराम दहालज्यू, तथा नेपाल सरकारका उच्च पदस्थ कर्मचारी लगायतका विशिष्ट व्यक्तिहरूको उपस्थिति थियो । साधारण सभामा मुलुकभरका १ हजार भन्दा बढी निर्माण व्यवसायीहरूको सहभागिता रहेको थियो । साधारण सभाले गरेका निर्णयहरू तपशीलका **४१ बुँदे काठमाडौं घोषणापत्र** मार्फत सार्वजनिक गरिएको व्योहरा पत्रकार मित्रहरूलाई अवगत गराउन चाहन्छौं ।

## काठमाडौं घोषणा-पत्र, २०७७

### ❖ सार्वजनिक खरिद ऐन, २०६३ मा गरिनुपर्ने संशोधन एवं थप गरिनुपर्ने व्यवस्थाहरु सम्बन्धी :

१. लागत अनुमानको **१५ प्रतिशतभन्दा बढी घट्ने** बोलपत्रदाताले थप कार्य सम्पादन जमानत दाखिला गरी खरिद सम्झौता गर्नुपर्ने व्यवस्था **खारेज** हुनु पर्दछ ।

२. सार्वजनिक खरीद ऐन, २०६३ को दफा १० (५) मा संशोधन गरी रु. २ करोडको सट्टा रु. ५ करोड सम्मको निर्माण कार्य खरीदमा कुनैपनि योग्यता नराखी निर्माण व्यवसायीले भाग लिन पाउने व्यवस्था हुनु पर्नेछ । **तर रु. २ करोडभन्दा माथिको निर्माण कार्यको लागि पाँच वर्ष पुरानो कम्पनीले र सम्बन्धित जिल्लाका कम्पनीले मात्र भाग लिन पाउने गरी बढीमा तीन वटा प्याकेजसम्मको निर्माण कार्य गर्न सकिनेछ भन्ने थप गर्नुपर्ने ।**

३. सार्वजनिक खरिद ऐनको दफा १० (३) उपदफा (२) बमोजिम आधार उल्लेख गर्दा निर्माण **व्यवसाय ऐन, २०५५ मा** तोकिए बमोजिमको सिमालाई समयानुकुल बनाई सोही सिमा भित्र रही मात्र प्रतिस्पर्धा गर्न सक्ने व्यवस्था गर्नुपर्ने छ ।

४. स्वीकृतिको लागि छनौट भएको बोलपत्रदाता वा प्रस्तावदाता खरिद सम्झौता गर्न नआएमा धरौटी जफत गरिने व्यवस्था यथावत राखी अन्तर्राष्ट्रिय प्रचलन अनुसार **कालोसुचीमा राख्ने लगायत अन्य कारवाही गर्ने** व्यवस्था हटाईनु पर्दछ ।

५. जतिसुकै अवधिको जस्तो सुकै निर्माण कार्य खरिदमा पनि मूल्यबृद्धि समायोजन र Bonus को व्यवस्था हुनुपर्दछ ।

६. रु.१० करोडसम्मका बोलपत्रको हकमा जे.भी. पार्टनर मध्ये कुनै एक पार्टनरको क्राईटेरीया पुरा भएमा अन्य जे.भी. पार्टनरको योग्यता नभए पनि जे.भी. गर्न सक्ने व्यवस्था गरिनुपर्ने ।

### ❖ सार्वजनिक खरिद नियमावली मा गरिनुपर्ने संशोधन एवं थप गरिनुपर्ने व्यवस्थाहरु सम्बन्धी :

७. सार्वजनिक निर्माण कार्यको म्याद थपमा देखिएको समस्या मध्ये कोभिड-१९ का कारण प्रभावित परियोजनाहरुको लागि नेपाल सरकारले मिति २०७७/३/२९ र मिति: २०७७/१०/११ गते गरेको

नीतिगत निर्णयबाट समेत ठेक्काहरुको म्याद थपको समस्या पूर्ण रुपमा समाधान नभएकोले सम्पूर्ण ठेक्काहरुको लामो समयदेखि रुग्ण रहेका करीब २७७२ ठेक्का एवं निर्माण कार्यहरुको २०७६ पुष १४ गते आएको नवौं संशोधनबाट म्याद थप भए तापनि गत वर्ष नेपाल सरकारद्वारा २०७६ चैत्र ११ देखि जारी गरिएको लकडाउन र त्यस पश्चात् गरिएको क्षेत्रगत रुपमा लागु भएको निषेधाज्ञाको साथै वर्षायाम, निर्माण सामाग्रीहरुको अभाव, निर्माण श्रमिकहरु निर्माणस्थलमा उपस्थित हुन नसकेकोले ती निर्माण कार्यहरुको नीतिगत रुपमा एकमुष्ट जलविद्युतका परियोजनाहरुको म्याद थप गरे अनुसार निर्णय भएको मितिबाट लागु हुने गरी एक वर्ष म्याद थप गर्नु पर्दछ र यसरी म्याद थप गर्दा पनि सम्पन्न हुन नसक्ने निर्माण कार्यको हकमा प्राविधिक पुष्ट्याईको आधारमा आवश्यकता अनुसार म्याद थप गर्न नेपाल सरकारबाट नीतिगत निर्णय गरिनु पर्दछ ।

८. **सार्वजनिक खरिद नियमावली, २०६४** मा मिति:२०७६/०१/३० गतेमा उक्त नियमावलीको नियम १२० मा उपनियम (६) थप गरी भएको छैठौं संशोधन बमोजिम शुरु सम्झौताको पचास प्रतिशतभन्दा बढी हुने गरी म्याद थप गर्न पाईने छैन भनि गरिएको व्यवस्थाले गर्दा धेरै निर्माण कार्यको ठेक्का तोड्नुपर्ने र यसरी ठेक्का तोड्दा निर्माण कार्यको लागत तथा समय अप्रत्यासित रुपमा बढ्न गई नेपाल सरकारलाई थप आर्थिकभार पर्न गई निर्माण कम्पनीहरु आर्थिक रुपले धरासायी हुने र यो व्यवस्था अव्यवहारीक भएकोले उक्त **पचास प्रतिशत** मात्र **म्याद थप** हुन सक्ने व्यवस्थालाई संशोधन गरी अविलम्ब खारेज गरिनुपर्ने । त्यस्तै नियम १२० को उपनियम (५) मा रहेको सम्झौता अवधिभित्रै म्याद थप गरी सक्नुपर्ने व्यवस्था र नियम १२० को उपनियम (६क) को प्रतिवन्धात्मक वाक्याशंमा रहेको **एकपटक म्याद थप** सम्बन्धमा निर्णय भईसकेकोमा पुनः म्याद थप हुने छैन भनि गरिएको व्यवस्था खारेज गरिनुपर्ने ।

९. कोभिड-१९ को प्रभावका कारण निर्माण क्षेत्रमा नगद प्रवाह कम रही प्राय बन्द रहेको निर्माण कार्यलाई पुनः संचालन गरी आर्थिक कारोबारलाई चलायमान बनाउन निर्माण व्यवसायीहरुका सम्पन्न भएका र चालु अवस्थामा रहेका ठेक्काको आफ्नो बिलबाट कट्टी भई राज्यको ढुकुटीमा निष्क्रिय अवस्थामा रहेको पाँच प्रतिशत (रिटेन्सन मनि) धरौटी बापतको रकम निर्माण उद्योगलाई जिवन्तता दिन निर्माण व्यवसायीलाई बैंक ग्यारेन्टीको आधारमा फिर्ता गरिनुपर्ने ।

१०. नियम ३१च. को उपनियम २ मा संशोधन गरी उपनियम (१) बमोजिम प्राथमिकता दिँदा सबैभन्दा कम कबुल गर्ने विदेशी फर्म, संस्था वा कम्पनीले कबोल गरेको बोल अङ्क रकमको **७.५ प्रतिशतसम्म** बढी बोल अङ्क भएको विदेशी फर्म, संस्था वा कम्पनीसंग संयुक्त उपक्रम गरी सहभागी हुने स्वदेशी फर्म, संस्था वा कम्पनीको प्रस्तावलाई स्वीकृत गर्ने गरी घरेलु प्राथमिकता सुनिश्चित गरिनु पर्नेछ ।

११. नियम ६५(४ङ१) र ६५(४च) बमोजिम क्रेडिट लाइनको व्यवस्था भए अनुसार हालको व्यवस्था बमोजिम निर्माण व्यवसायीहरुले निर्माण कार्यको सम्झौताको समयमा पेश गर्नुपर्ने बैंक क्रेडिट लाइनको लागि ऋण सरह चाहिने धितो लामो समयसम्म होल्डमा बस्ने र सो क्रेडिट लाइन राखेता पनि उक्त क्रेडिट लाइनकै आधारमा ऋण नदिने, पुनः धितो दिनुपर्ने प्रावधान रहेको र कमिशन पनि लागत इस्टिमेटको प्रति वर्षको दरले झण्डै ०.६ प्रतिशत देखि २.५० प्रतिशत सम्म अत्याधिक कमिसन खर्च हुने एवं उक्त रकम सम्बन्धित कार्यालयबाट भुक्तानी समेत नपाउने भएको हुँदा निर्माण लागत बढ्न जाने, व्यवसायी टाट पल्टने, सो बाट हुने खर्च राज्यको कोषमा पनि नजाने भएको हुँदा बैंकहरुलाई मात्र फाइदा हुने भएकोले सो क्रेडिट लाइनको व्यवस्था अविलम्ब खारेज गरिनुपर्ने ।

१२. निर्माण व्यवसायीहरुको मौजुदा आर्थिक र प्राविधिक क्षमता मुल्याङ्कन गर्ने सम्बन्धमा उस्तै प्रकृतिको कार्य अनुभवको निर्धारण गर्दा प्रस्तावित निर्माण कार्यको रकमको कम्तीमा ६०% सम्मको उस्तै प्रकृतिको निर्माण कार्य अनुभव भएमा एक वटा, ४०% सम्मको उस्तै प्रकृतिको निर्माण कार्य अनुभव भएमा दुईवटा सम्म प्रमाण पत्र हुनु पर्नेछ । साथै उस्तै प्रकृतिको कार्य अनुभवको प्रमाण पत्र भएपछि Key Production Quantity को माग गरी रहनु नपर्ने व्यवस्था गरी सबै निर्माण व्यवसायीहरुलाई समेत सहज रुपमा बोलपत्रमा सहभागी हुन पाउने वातावरण बनाउनु पर्दछ । वार्षिक कारोबार (टर्न ओभर) एक गुणा हुनु पर्नेछ ।

१३. कुनैपनि व्यक्ति उपर लाागेको अभियोग अदालतबाट अन्तिम रुपमा ठहर फैसला भई सजाय नभएसम्म निर्दोष मानिने संवैधानिक व्यवस्था भएको हुँदा सो संवैधानिक व्यवस्था विपरीत हुने गरी कुनै निर्माण कम्पनी वा संचालकलाई अदालतबाट अन्तिम फैसला नहुन्जेलसम्म भ्रष्टाचारको मुद्दा मामिलाको अभियोग लागेको कारणले मात्र टेण्डर प्रक्रियामा सहभागी हुनबाट बन्चित गरिनु हुँदैन ।

१४. **Variation Order** स्वीकृत गर्दा Estimate स्वीकृत गर्ने अधिकारीबाटै तोकिएको समयभित्र स्वीकृत गरी सक्नुपर्नेछ र सो समय करारमा नै तोकिनु पर्नेछ ।

१५. **Low Bidding** लाई निरुत्साहित गर्नका लागि बोलपत्रदाताले आफूले गरेको **विगत दस वर्ष भित्रको** अधिकतम कारोबार भएका कुनै तीन आर्थिक वर्षको निर्माण कार्यको वार्षिक कारोबार रकमको वासलातमा देखिए बमोजिम औसत वार्षिक कारोबार (टर्न ओभर) निर्माण कार्यको मात्र रकमको बढीमा **चार गुणाले** हुन आउने रकम सम्मको मात्र बोलपत्र लिन सक्ने कुरालाई बोलपत्रदाताको योग्यता र मुल्याङ्कनको आधारको रुपमा लिने तर उक्त वार्षिक कारोबारको रकमलाई गणना गर्दा निर्माण व्यवसाय कोषमा जम्मा भएको रकमको पुष्ट्याईको आधारमा गर्नु पर्नेछ ।

१६. **दुई अर्ब रुपैयाँसम्मको लागत अनुमान (मुल्य अभिवृद्धि कर समेत)** भएको निर्माण कार्यको खरिदमा ऐनको दफा १५ को अवस्थामा बाहेक राष्ट्रियस्तरको खुला बोलपत्रको माध्यमद्वारा स्वदेशी बोलपत्रदाताहरु बीच मात्र प्रतिस्पर्धा गराई खरिद गर्नु पर्नेछ ।

१७. हिमाली, पहाडी, दुर्गम जिल्लाहरु, पिछडीएको क्षेत्रका निर्माण कार्य गर्ने समय सिमा अन्य जिल्लाहरुको तुलनामा भौगोलिक जटिलता र मौसमको प्रतिकुल हेरी कार्य गर्ने अवधि तोकिनु पर्ने र निर्माण कार्यको आर्थिक र कार्य तालिका सहितको क्यालेण्डरको व्यवस्था अनिवार्य गरिनु पर्नेछ ।

१८. सरकारले निर्माण कार्यको लागि नदिजन्य तथा खानीजन्य निर्माण सामाग्री उत्खनन गर्न राज्यले निश्चित स्थानमा Quarry Zone तोकी उक्त जानकारी टेण्डर डकुमेन्टमा नै उल्लेख गर्नुपर्ने ।

१९. त्रुटी सच्याउने अवधिको विमा ठेक्का सम्झौता अवधिसम्म कायम भएको विमाले नसमेट्ने भएकोले Maintenance Period अवधिको विमा सम्बन्धित सार्वजनिक निकायबाटनै गरिनुपर्ने वा निर्माण कम्पनीले गर्नुपर्ने भएमा सो विमा सम्बन्धी छुट्टै व्यवस्था हुनुपर्ने ।

२०. **मुलुकी अपराध संहितासंग सम्बन्धि :**

सार्वजनिक खरिद ऐन एवं करार ऐनमा थुप्रै कारवाहीको व्यवस्था हुँदाहुदै हाल कायम रहेको मुलुकी अपराध संहिता २०७४ को दफा २५० **मा (१) निर्माण सम्बन्धी काम वा अन्य बेइमानीका नियतले निर्धारित मापदण्ड वा गुणस्तरको माल प्रयोग नगरी वा प्रयोग हुने मालको परिमाण घटिबढी पारी वा अन्य कुनै किसिमका निर्धारित गुणस्तर भन्दा फरक पारी निर्माण कार्य वा अन्य काम गर्न वा गराउन हुँदैन । यसरी माथि उल्लेखित बमोजिमको कसुर गर्ने व्यक्तिलाई दश वर्ष सम्म कैद र रु. एक लाख सम्म जरिवाना वा दुबै सजाय हुनेछ" भनि गरिएको व्यवस्था सार्वजनिक खरिद ऐन नियम विपरीत भएको, सार्वजनिक खरिद ऐन नियम बमोजिम कारवाही हुने व्यवस्था विद्यमान हुँदाहुँदै दोहोरो कारवाहीको व्यवस्था प्राङ्गन्यायको सिद्धान्त विपरीत भई नेपालको संविधानको धारा २० को उपधारा (६) विपरीत भएको र एउटै विषयमा दोहोरो सजाय गर्न नमिल्ने न्यायको आधारभूत सिद्धान्त विपरीत भएको हुँदा उक्त व्यवस्था यथाशिघ्र खारेज गर्नुपर्ने ।**

❖ **निर्माण व्यवसाय ऐन, २०५५ मा गरिनुपर्ने संशोधन र थप व्यवस्थासंग सम्बन्धी :**

२१. ईजाजत-पत्र नविकरण प्रत्येक आर्थिक वर्षको सुरुको ६ महिनाभित्र तोकएको दस्तुर लिई गरिनु पर्ने र सो म्याद भित्र नविकरण गराउन नसकेमा त्यस्तो म्याद समाप्त भएको मितिले **एक वर्ष** भित्र एकसय प्रतिशत थप दस्तुर लिएर र थप **दुई वर्ष**भित्र दुईसय प्रतिशत थप दस्तुर लिएर ईजाजत-पत्र नविकरण गर्नुपर्नेछ ।

२२. सार्वजनिक निर्माण कार्य गराउँदा न्युनतम र अधिकतम देहायको रकम सम्मको कार्य देहाय बमोजिमको निर्माण व्यवसायीबाट संचालन गराउन सकिनेछ :-

(क). चालिस करोड रुपैयाँभन्दा बढी जतिसुकै रकमको "क" वर्गको निर्माण व्यवसायीबाट,

(ख). बीस करोड रुपैयाँ देखि साठी करोडसम्मको "ख" वर्गको निर्माण व्यवसायीबाट,

(ग). पाँच करोड रुपैयाँ देखि तीस करोडसम्मको "ग" वर्गको निर्माण व्यवसायीबाट,

(घ). दश करोड रुपैयाँसम्मको "घ" वर्गको निर्माण व्यवसायीबाट,

२३. स्थानीय सरकार संचालन ऐन, २०७४ ले "घ" वर्गका निर्माण व्यवसायीहरुको इजाजत-पत्र प्रदान गर्ने र नविकरण गर्ने अधिकार प्रदान गरे पश्चात् सम्पूर्ण स्थानीय सरकारहरुले "घ" वर्गका निर्माण व्यवसायीहरुको ईजाजत-पत्र नविकरण र नयाँ ईजाजत-पत्र प्रदान गर्ने कार्य पूर्वाग्रही पूर्ण र नविकरण नै गर्न नसकिने नीति अवलम्बन गरेको हुँदा सो समाधानको लागि केन्द्रिय सरकार, प्रदेश सरकार र स्थानीय सरकारसँग निर्माण व्यवसाय ऐन, २०५५ को दफा ४ निर्माण व्यवसाय नियमावलीको नियम ७ को उपनियम ६ तथा नियम २० मा भएको व्यवस्था अनुसार एकरुपता कायम हुने व्यवस्था मिलाईनु पर्ने ।

२४. निर्माण व्यवसाय विकास परिषद्को व्यवस्था प्रत्येक प्रदेशमा हुनेछ र सोको अध्यक्ष सम्बन्धित प्रदेशका भौतिक पूर्वाधार मन्त्री रहने र नेपाल निर्माण व्यवसायी महासंघसंग आवद्ध प्रदेश निर्माण व्यवसायी महासंघको प्रतिनिधित्व रहने गरी गठन गरिनु पर्ने ।

२५. निर्माण व्यवसायी कम्पनीहरु एक अर्कामा गाभिन (मर्जर) सक्नेछन् । यसरी गाभिए (मर्जर) का कम्पनीहरुको योग्यता र अनुभव सम्पूर्ण जोडिने तथा सानो वर्ग ठूलो वर्गसंग गाभिए (मर्जर) मा ठूलो वर्गनै कायम हुने व्यवस्था यो ऐनमा नै हुनु पर्नेछ ।

❖ **निर्माण व्यवसाय नियमावली, २०५६ मा गरिनुपर्ने संशोधन र थप व्यवस्थासंग सम्बन्धी :**

२६. "घ" वर्गको निर्माण व्यवसायीको ईजाजत-पत्र लिनका लागि निर्माण व्यवसाय ऐन मार्फत एकद्वार प्रणालीबाट जारी गरिनुपर्ने र ईजाजत-पत्र लिदा रु. २ करोड माथीको निर्माण कार्यको संचालक वा फर्म/कम्पनीले Sub-Contract गरेको प्रमाण पेश गर्नुपर्नेछ ।

२७. नयाँ ईजाजत-पत्र जारी गर्न र ईजाजत-पत्र नविकरण गर्नका लागि नेपाल निर्माण व्यवसायी महासंघ, महासंघसंग आवद्ध प्रदेश निर्माण व्यवसायी महासंघ र जिल्ला निर्माण व्यवसायी संघको सिफारीस अनिवार्य गरिनुपर्ने ।

२८. **नयाँ ईजाजत-पत्र लिन तथा क्षमता वृद्धि गर्न विगतमा सम्पन्न गरेको कामको अनुभव "क"** वर्गको लागि **रु.४०** करोड बराबरको, **"ख"** वर्गको लागि रु.२० करोड बराबर, **"ग"** वर्गको लागि **रु. १०** करोड बराबरको विभिन्न सार्वजनिक निर्माण कार्य आफैंले संझौता गरी सन्तोष जनक रुपले सम्पन्न गरेको हुनुपर्नेछ ।

२९. संघीय संरचना अनुसार स्थापना भएका प्रदेश महासंघ, जिल्ला संघ र शाखा संघहरुको दैनिक कार्य संचालन, संगठन सुदृढिकरणका लागि विलबाट कट्टा हुँदै आएको ०.१० प्रतिशतमा ०.१० प्रतिशत नै थप गरी उक्त थप गरिएको रकम सम्बन्धित प्रदेश महासंघहरु, जिल्ला संघहरु र शाखा संघहरुले पाउने व्यवस्था गरिनु पर्ने ।

❖ **कर तथा राजश्व सम्बन्धी :**

३०. **डिजेलमा लागेको मु.अ.कर फिर्ता सम्बन्धमा** :- मिति २०७६/०२/१५ अगाडि सम्झौता भई निर्माण कार्यहरु सम्पन्न भएका र संचालनमा रहेका परियोजनाहरुमा डिजेल खर्चको मु.अ.कर फिर्ताको सुविधा पाउने कानूनी एवं नीतिगत व्यवस्था हुँदा हुँदै पनि निर्माण व्यवसायीहरुले सो मु.अ.कर फिर्ता नपाएकोले निर्माण उद्योगीहरु आर्थिक रुपले धराशायी हुने भएकोले सो पुराना परियोजनाहरुको इष्टीमेटमा समेत भएको मु.अ.करको रकम सम्बन्धित योजना तथा सार्वजनिक निकायहरुले थप गरी व्यवसायीहरुले सहज रुपमा पाउने व्यवस्था गरिनुपर्ने ।

३१. **स्रोतमा कट्टी भएको अग्रिम मु.अ.कर रकम फिर्ता सम्बन्धमा** :- नेपाल सरकारको आ.व. २०७५/०७६ को बजेटमा उल्लेख भए बमोजिम सम्बन्धित सार्वजनिक निकायहरुले मु.अ.करको पचास प्रतिशत रकम कट्टा गरी आन्तरीक राजश्व विभागमा दाखिला हुने व्यवस्था भएकोमा **आर्थिक ऐन, २०७७** ले राजश्व सम्बन्धी व्यवस्था गरे अनुसार मुल्यअभिवृद्धि कर र व्यवसायीहरुले चौमासिक रुपले कर मिलान गरे पश्चात् बढी भएको मु.अ.कर रकम बमोजिम व्यवसायीहरुलाई **साठी दिन**भित्र फिर्ता गर्नुपर्नेमा हालसम्म उक्त व्यवस्था कार्यान्वयनमा नआएको देखिएकोले उक्त आर्थिक ऐन २०७७ बमोजिम कर मिलान गरे पश्चात्को बढी भएको मुल्यवृद्धि कर रकम व्यवसायीले सहज एवं सरलीकृत तरीकाले निश्चित समय भित्र फिर्ता पाउने व्यवस्था गरिनुपर्ने ।

३२. **मु.अ.कर तथा अग्रीम आयकर सम्बन्धमा** :- हालको व्यवस्था अनुसार सार्वजनिक निकायहरुले मु.अ.करको पचास प्रतिशत (६.५ प्रतिशत) रकम कट्टा तथा अग्रीम आयकर बापत १.५ प्रतिशत सम्बन्धित कार्यालयले कट्टा गरी सम्बन्धित खातामा जम्मा गर्नुपर्ने प्रावधान भएता पनि कतिपय कार्यालयका सम्बन्धित कर्मचारीले उक्त रकमहरु सम्बन्धित खातामा समयै जम्मा नगर्दा निर्माण व्यवसायीहरुलाई जरिवाना लगाउने भएकोले उक्त रकमहरु सम्बन्धित खातामा जम्मा नगरेमा सो कार्यालय तथा सम्बन्धित कर्मचारीलाई नै जिम्मेवार बनाई यस्ता गल्ती कमजोरी गरेमा दण्डित गर्नुपर्ने ।

३३. **जरिवाना, ब्याज र थप दस्तुर छुट सम्बन्धमा** :- आर्थिक वर्ष २०७५/०७६ वा सो भन्दा अघिसम्मको मु.अ.कर तथा आय कर विवरण पेश गर्ने र नगर्ने मु.अ.कर तथा आयकरमा दर्ता भएका तर विवरण बुझाएका तथा नबुझाएका जे.भी निर्माण कम्पनी समेतका करदाताले आफुले बुझाउनु पर्ने वक्यौता मु.अ.कर, आयकर र विवरण २०७८ चैत्र मसान्त भित्र बुझाएमा सो मा लाग्ने जरिवाना, थप दस्तुर र ब्याज छुट गरी एक पटकको लागि साँवाकर मात्र चुक्ता गरे पुग्ने व्यवस्था गरिनुपर्ने ।

३४. निर्माण कार्यमा प्रयोग हुने फलाम, स्टील, रडको बजार मुल्यमा निर्माण सामाग्री उत्पादन एवं आपूर्तिकर्ता उद्योगीहरुको मिलेमतोमा बेलाबेलामा अत्याधिक रुपले मुल्यबृद्धि गरी कार्टेलिङ गर्ने गरेको हुँदा सोलाई न्यूनीकरण गर्नका लागि र नेपाल बाहिरबाट निर्माण उद्योगीले समेत आयात गर्नका लागि सो

फलाम, स्टीलको भन्सार हाल कायम रहेको भन्सार दररेट ३० प्रतिशतबाट घटाई १५ प्रतिशत कायम गरिनुपर्ने ।

३५. **मजदुरको प्यानमा दर्ता हुने व्यवस्था सम्बन्धमा :-** नेपाल सरकारले प्रत्येक मजदुरको भुक्तानी गर्दा प्यानमा अनिवार्य दर्ता गर्ने व्यवस्थाको हकमा नियमित कर्मचारी बाहेक आंशिक रुपमा **Seasonal** तथा विदेशी मजदुरहरुलाई प्यान अनिवार्य नहुने व्यवस्था गरिनुपर्ने ।

३६. मु.अ.कर, आयकर सम्बन्धी पुनरावलोकन/राजश्व न्यायाधिकरणमा जाँदा १० प्रतिशत सम्म मात्र जमानत राख्ने व्यवस्था गरिनुपर्ने सो जमानी रकम बैंक जमानी पत्र वा धितोबाट हुने व्यवस्था गरिनुपर्ने ।

३७. लेखा परिक्षकको कार्यालयले देखाउने गरेको बेरुजु सम्बन्धित कार्यालयकै नाममा देखाईनु पर्ने ।

३८. निजी तथा व्यवसायिक घरहरुको निर्माण कार्य ईजाजत प्राप्त निर्माण कम्पनीबाट मात्र गरिनुपर्ने ।

३९. विदेशमा प्रयोग भई नेपाल भित्रिएका रिकण्डिशन हेभी यन्त्र उपकरणको स्वामित्व हस्तान्तरण (खरिद/बिक्रि) गर्न कानूनी व्यवस्था सहज रुपमा गर्ने गरी स्पष्ट रुपले सरलिकृत गरिनु पर्ने ।

४०. **व्यवसायीक प्रवर्द्धन सम्बन्धि महासंघको कार्ययोजना :**

**क.** निर्माण व्यवसायी विकास कोष मार्फत प्रदेश महासंघ, जिल्ला संघहरुको सचिवालय संचालनको लागि नियमित अनुदान स्वरुप थप Logistic Support गर्ने ।

**ख.** निर्माण व्यवसायीहरुको शिप र विकासको लागि महासंघमा गत वर्ष स्थापना भएको e-GP Help Desk लाई थप प्रभावकारी गरिने छ ।

**ग.** निर्माण व्यवसायसँग सम्बन्धित समस्याहरुको उजागर गर्न तथा महासंघले गरेको गतिविधिहरु सञ्चार माध्यममा ल्याउने उद्देश्य स्वरुप महासंघमा गत वर्ष स्थापना गरिएको Media Help Desk लाई थप प्रभावकारी गरिने छ ।

**घ.** निर्माण व्यवसाय कोषको मार्फत केन्द्रमा महासंघको जग्गा रहेको दहचोकमा सुविधा सम्पन्न FCAN Tower cum Training Center सहित प्रयोगशाला (Lab Test Center) को शुरु भएको निर्माण कार्यलाई सम्पन्न गरिने छ र प्रत्येक प्रदेश महासंघ अन्तर्गत रहने गरी ७ वटै प्रदेशहहरुमा अत्याधुनिक प्रयोगशाला (Lab Test Center) स्थापना गर्ने ।

**ङ.** सातवटा प्रदेश महासंघ र २१ वटा जिल्ला संघहरुको सचिवालय सुदृढीकरणको लागि निर्माण व्यवसाय कोष मार्फत दिईदै आएको सहयोग कार्यलाई आगामी वर्षहरुमा निरन्तरता दिने ।

**च.** प्रदेश महासंघ/जिल्ला संघहरुको भवन निर्माण कार्यको लागि निर्माण व्यवसाय कोष मार्फत अनुदान सहयोग गर्ने कार्यलाई पनि निरन्तरता दिने ।

**छ.** महासंघ सचिवालय सुदृढीकरणको लागि Human Resource Audit (मानव संशाधन) सहितको प्राप्त सुझाव अनुसार सो सम्बन्धमा आवश्यक तालिम र अन्तरक्रिया कार्यक्रम गरी सचिवालयको विकास गरिने छ ।

**ज.** निर्माण व्यवसायी कोषबाट निर्माण व्यवसायीहरूको दक्षता र क्षमता अभिबृद्धिका लागि आवश्यक दक्ष जनशक्ति उत्पादनका लागि उपयोगी हुने विशेष गरी e-GP, Contract Management and Administration Training, Project Management र Construction Management जस्ता तालिम र अन्य प्रशिक्षण, सेमिनार, गोष्ठी, सम्मेलन आदि कार्यक्रमहरू संचालन गर्ने ।

**झ.** ७ वटै प्रदेश महासंघहरुमा ई.जि.पी. तालिम संचालनको लागि प्रत्येक प्रदेश महासंघमा कम्तिमा एक/एक जना Training of Trainers (ToT) तयार गरी निज मार्फत तालिम प्रशिक्षण संचालन गर्ने ।

४१. **अन्तर्राष्ट्रिय सम्बन्धको विकास तथा व्यवसायीक सुदृढिकरण सम्बन्धी महासंघको कार्ययोजना :**

**क.** दातृ संस्थाहरु र दातृ निकायहरु विच समन्वय गरी नेपाली निर्माण व्यवसायमा आवश्यक दक्ष श्रम शक्ति उत्पादनका लागि CTEVT सँग समन्वय गरी प्राविधिक तालिम केन्द्र संचालन गर्ने ।

**ख.** अन्तर्राष्ट्रिय दातृ निकायहरुबाट निर्माण व्यवसायीहरुको आवश्यक क्षमता अभिबृद्धिका लागि सहकार्य गर्ने कार्य गरी महासंघलाई आत्मनिर्भर बनाउने ।

**ग.** British Council अन्तर्गत रहेको ELMS Project लाई सफलतापूर्वक सम्पन्न गर्ने ।

**घ.** नेपालमा हुने ४६ औं ईफाप्का सम्मेलन भव्यताको साथ सफल पार्न महासंघले आवश्यक तयारी गर्ने ।

महासंघको २२ औं साधारण सभाबाट पारित भएका निर्माण व्यवसायीहरुका समस्या समाधानका निम्ति सरोकारवाल निकायहरुले उदासिनता देखाएमा महासंघ चरणबद्ध आन्दोलनमा जान बाध्य हुने व्यहोरा यसै पत्रकार सम्मेलन मार्फत जनकारी गराउँदछौं ।

अन्त्यमा, हाम्रो निमन्त्रणालाई सहर्ष स्विकार गर्दै यस पत्रकार सम्मेलनमा उपस्थित हुनु भएका पत्रकार मित्रहरुलाई विशेष धन्यवाद दिँदै महासंघको २२ औं साधारण सभाको घोषण-पत्रको समाचारलाई आ-आफ्नो संचार माध्यममा सम्प्रेषण गरी हामीलाई हौसला प्रदान गरिदिनु हुन हार्दिक अनुरोध गर्दछौं ।

#

#

(**रोशन दाहाल**)
महासचिव